# सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर सुधार
# अनुदान कार्यक्रमका लागि प्रयोग गरिने
# सम्झौता फारम
## आ.व.२०७५/०७६

क्याम्पसको नाम :

ठेगाना :

खाता नं.

सम्पर्क नं.

अनुदान प्राप्त उप कार्यक्रम :

१.

२.

३.

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## शिक्षा विकास निर्देशनालय

प्रदेश नम्बर ५ बुटवल,

# सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर सुधार अनुदान कार्यक्रमका लागि प्रयोग गरिने सम्झौता फारम (आ.व.२०७५/०७६)

**१. पृष्ठभूमि**

सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत क्याम्पसको भौतिक पूर्वाधार विकास, सूचना, सञ्चार र प्रविधि, फर्निचर, मर्मत लगायत अन्य रचनात्मक कार्यक्रमहरु रहेका छन् । यो सम्झौता फाराम उल्लिखित कार्यक्रमहरुका लागि प्रयोग गर्ने गरी विकास गरिएको छ । उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न नीति नियम तर्जुमा गर्नका लागि प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयले भूमिका निर्वाह गर्नेछ भने सोको कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयको भूमिका प्रमुख रुपमा रहनेछ। कार्यक्रम लागु भएका क्याम्पसहरुले तोकिएका कार्यक्रमहरु आवश्यकतानुसार साझेदारीमा संचालन गर्ने कार्यमा सहयोग गर्न इन्जिनियर तथा सव- इन्जिनियरहरु कार्यरत रहने छन् ।

**२. <u>कार्य संचालन विधि/प्रक्रिया</u>**

२.१. **क्याम्पस संचालक समिति/ क्याम्पस भवन निर्माण सहयोग उप समितिको गठन गर्ने**

क्याम्पसको भौतिक सुधार सम्बन्धी कार्यक्रम संचालनका लागि छनौट भएका क्याम्पसहरुको निर्माण कार्यको व्यवस्थापन तथा संचालन गर्ने जिम्मा क्याम्पस संचालक समितिको हुनेछ । सञ्चालक समितिले आवश्यकना महसुस गरेको अवस्थामा भौतिक पूर्वाधार निर्माण सहयोग उप समिति गठन गर्न सकिने छ । यसरी सहयोग उप समिति गठन गर्दा क्याम्पस संचालक समिति, स्थानीय तह र वडाका जनप्रतिनिधिहरु तथा पिछिडिएका वर्ग तथा क्षेत्रहरुका अभिभावक समावेश गरी आवश्यकता अनुसार एक छुट्टै निर्माण सहयोग उप समिति समेत गठन गर्न सकिनेछ ।

२.२. **<u>लागत अनुमान अनुसार साझेदारीमा निर्माण कार्य सम्पन्न गराउने ।</u>**

क्याम्पसको भौतिक पूर्वाधार विस्तार कार्यको लागि सव-इन्जिनियरले स्वीकृत दररेट अनुसार स्थानिय निर्माण सामग्रीहरुको समेत मूल्याङ्कन गरी लागत अनुमान तयार गरी निर्देशनालयको इजिनियर समक्ष पेश गर्नु पर्नेछ । इन्जिनियरले सो लागत अनुमान जाँच गरी स्वीकृतीको लागि शिक्षा विकास निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ । क्याम्पसको भौतिक पूर्वाधार सुधारका सम्पूर्ण कार्यहरुमा क्याम्पस संचालक समितिको तर्फबाट कूल लागत अनुमानको आवस्यतानुसार कम्तिमा २० प्रतिशत जनश्रमदान व्यहोर्नु पर्नेछ । तर निर्माण कार्य सम्पन्न गर्न प्राप्त अनुदान रकमबाट जति नपुग हुन आउछ त्यति रकम क्याम्पस संचालक समितिले जनश्रमदान वा अन्य कुनै श्रोतबाट जुटाई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

२.३.**<u>क्याम्पसहरुसंग संझौता गर्ने</u>**

क्याम्पसको भौतिक सुधार सम्बन्धि कार्यक्रम संचालनका लागि छनौट भएका क्याम्पसहरुले शिक्षा विकास निर्देशनालयसंग संझौता गर्न आउँदा क्याम्पसको नाममा भएको जग्गाको लालपूर्जा वा गाँउपालीका/नगरपालिका/उप-महानगरपालिकाबाट प्राप्त सिफारिस सहित निवेदन पेश गर्नु पर्नेछ र उक्त

निवेदनमा क्याम्पस संचालक समितिको अध्यक्ष र क्याम्पस प्रमुख संझौता गर्न आउनु पर्ने छ । निर्माण कार्यको दैनिक निरीक्षण तथा आवश्यक निर्माण सामग्रीहरुको व्यवस्थापन गर्ने जिम्मा क्याम्पस संचालक समितिको हुनेछ ।

**२.४. निर्माण  तथा सम्झौता भएका कार्य गर्ने/गराउने**

संझौता सम्पन्न भएपछि संझौतामा उल्लेखित सर्तहरु र कार्य तालिका अनुसार संचालक समितिले शिक्षा विकास निर्देशनालयको अनुगमन र निरीक्षण एवम् तोकिएका इन्जीनियर र सव इन्जीनियरहरुको सहयोगमा कार्य सम्पादन गर्नु पर्नेछ ।

२. ५. **क्याम्पसको खातामा रकम जम्मा गरिदिने**

सम्झौताको कार्य सम्पन्न भएपश्चात सम्बन्धित प्राविधिकको सिफारिसमा क्याम्पसहरुले तोकिएको काम सम्पन्न गरी सोको जानकारी सम्बन्धित प्राविधिक वा निदेशनालयलाई गराई रकम माग गरेपछि प्राविधिकहरुले निरीक्षण गरीदिएको प्रतिवेदनको आधारमा निर्देशनालयले क्याम्पसको तोकिएको बैङ्क खातामा तोकिएको रकम निकासा दिनेछ ।

**६. निकासाको  किस्ता , परिमाण र समयावधि**

६.१. आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने निर्माण कार्यका लागि तोकिएको रकम उपलब्ध हुने ।

६.२. स्थानिय निर्माण सामग्री जस्तै ढुङ्गा, ईट्टा, गिट्टी, बालुवा आदि संकलन गरी जग खन्ने कार्य गरेपश्चात पहिलो किस्ता वापत कुल अनुदान रकमको ३० प्रतिशत रकम निकासा दिने ।

६.३. Structural part को कार्य सम्पन्न गरेपश्चात दोस्रो किस्ता वापत कूल अनुदान रकमको ५० प्रतिशत रकम निकासा दिने ।

६.४. सम्पूर्ण कार्यसम्पन्न भैसकेपछि नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कूल अनुदान रकमको बाँकी २० प्रतिशत रकम (लागत अनुमानको सीमा भित्र जनश्रमदानको अंश कट्टा गरी) निकासा दिने ।

६.५. उल्लिखित कार्य आर्थिक वर्षको जेठ मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने ।

६.६. भौतिक पूर्वाधार निर्माण कार्य बाहेकका अन्य कार्यक्रमको हकमा सम्झौता गरेपछि सम्झौताकै आधारमा २० प्रतिसत र सम्पूर्ण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि  ८० प्रतिसत रकम निकासा दिइने छ ।

६.७. भौतिक पूर्वाधार सम्बन्धी कुनै कार्य आरम्भ भइ सम्पन्न नभएको अवस्थामा सो बाँकी कार्य सम्पन्न गर्नका लागि प्राप्त अनुदान रकम लगानी गर्ने अवस्थामा सम्पन्न भइसकेको कार्यको कार्य सम्पन्न प्रतिबेदन, तत्सम्बन्धी क्याम्पस संचालक समितिको निर्णय, स्थानीय तहको सिफारिस र सम्पन्न गर्न बाँकी कामको लगत इष्टिमेट र ड्रइङ नक्सा पेश गर्नुपर्नेछ ।

६.८. क्याम्पसले यस निर्देशनालयबाट प्राप्त गरेको अनुदान रकममा तोकिएको शीर्षकमा तोकिएको प्रतिसत कार्य साझेदारीमा सम्पन्न हुने गरी लगत  इष्टिमेट र तदनुसारको ड्रइङ नक्सा पेश गर्नु पर्नेछ । यसरी हुन आउने रकम भन्दा बढि रकमको इष्टिमेट र ड्रइङ नक्सा पेश गरेमा पेश गरेकै इष्टिमेट र ड्रइङ नक्सा अनुसारको कार्य सम्पन्न भएपछि तोकिएको कार्य सम्पन्न भएको ठहर हुनेछ ।

### ७. कबुलियतनामा

क्याम्पसको भौतिक सुविधा विस्तार लगायत अन्य कार्यक्रम गर्न शिक्षा विकास निर्देशनालयको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामा देहाय बमोाजिम हुनेछ ।

| सि.नं | कार्यक्रमको विवरण | संख्या | एकाई | प्रति कार्यक्रम जम्मा ल.इ. रकम(रु) | साझेदारी वा जन सहभागिताबाट व्यहोर्नु पर्ने रकम(रु) | कार्यक्रमको अनुदान सहयोग रकम(रु) |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

श्री............................................क्याम्पसका क्याम्पस संचालक समिति अध्यक्ष श्री..................................र क्याम्पस प्रमुख श्री ..........................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भइ सम्बन्धित क्याम्पसबाट उपलब्ध गराएको डिजाइन/ड्रई·/ Oli6d]6/ sfo{of]hgf बमोजिम माथि उल्लेखित कार्यहरु शिक्षा विकास निर्देशनालयबाट उपलब्ध गरँइएको आर्थिक अनुदान रकम रु...............................(अक्षरेपी रु.............................................मात्र) प्राप्त गरी सम्पूर्ण शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्न शिक्षा निर्देशनालय. र क्याम्पस संचालन समिति/क्या.नि.स.उपसमिति बीच यो सम्झौता गरिदियौं ।

### ८. क्याम्पसले पालना गर्नुपर्ने अन्य शर्तहरु

८.१.क्याम्पसको भौतिक सुविधा विस्तार अन्तर्गत माथि उल्लेखित कार्यहरु मिति........................देखि मिति ..............................सम्ममा तोकिएको अवधि भित्र सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय प्रदेश नम्वर ५को नीति, निर्देशन अनुसारा कार्य सम्पन्न गराउने दायित्व क्याम्पस संचालक समितिको हुनेछ । तोकिएको कार्य कुनै जायज कारणबिना तोकिएको समयमा पूरा नगर्ने क्याम्पसको अनुदान रकम शिक्षा विकास निर्देशनालयले भुक्तानी दिन बाध्य हुने छैन र भुक्तानी भइसकेको अवस्थामा नियमानुसार असुलउपर गर्न आवश्यक प्रक्रिया अपनाउनेछ र त्यस्ता क्याम्पसहरुलाई कार्यक्रमको तर्फबाट भविष्यमा समेत क्याम्पसको भौतिक सुधारका कुनै पनि सुविधा उपलब्ध गराइने छैन । तर सन्तोष जनक रुपमा कार्य गर्दा गर्दै अचानक कुनै बाधा अडचन आई तोकिएको कार्य समय भित्र सम्पन्न गर्न नसकेमा वार्षिक कार्यक्रममा कुनै बाधा नपर्ने गरी सम्बन्धित प्राविधिकको सिफारिसमा क्याम्पसले करारको म्याद थप्न सक्नेछ ।

८.२.क्या.ब्य.स/क्या.नि.स.उपसमिति ले क्याम्पसको भौतिक पूर्वाधार सुधार कार्यको लागि क्याम्पसमा एउटा छुट्टै रजिष्टर कायम गरी पूर्वाधार सुधारका कार्यक्रममा खरिद भएका सामग्रीहरुको विवरण,खर्चको हिसाबका साथै विल,भौचर,दैनिक खर्चको विवरण र कामदारहरुको हाजिरी फारम क्याम्पसमा सुरक्षित साथ राख्नुपर्ने छ । यस्ता कागजातहरु पेश नगर्ने क्याम्पसहरुलाई अन्तिम किस्ता भुक्तानी दिइने छैन वा बैंक खातामा जम्मा गरिएको रकम झिक्न अनुमती दिइने छैन् । यदि लेखा तथा निर्माण कार्यको रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा यस्ता क्याम्पसमा निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने लगायतका कारवाही प्रकृया समेत अघि बढाइने छ ।

८.३.प्रत्येक आ.व.मा भौतिक सुधारको कार्यक्रम अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा विकास निर्देशनालयको लक्ष्य रहेको हुदा जिल्लामा भौतिक सुधारको लागि छनोट भएका क्याम्पसहरुले तोकिएको आ.व भित्रै कार्यहरु सम्पन्न गर्नु पनेछ ।

८.४.कक्षाकोठा तथा शौचालय निर्माण गर्दा अपागं तथा असक्त (Disable)हरुले समेत प्रयोग गर्न सक्ने गरी ≈वील चेयर (Wheel chair)जान सक्ने भिरालो बाटो (Ramp) ढोका आदिको समुचित्त व्यवस्था गरी निर्माण कार्य गर्नुपर्नेछ ।

८.५.नयाँ क्याम्पस भवन निर्माण गर्दा  उपलब्ध जग्गा अनुकुल हुनेगरी  नक्शा डईङ ,डिजाईन सम्बन्धित क्याम्पसले तयार गरी  शिक्षा विकास निर्देशनालयको स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्नेछ ।

८.६. क्याम्पसले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । त्यसो नभइ तोकिए भन्दा अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने अधिकारीबाट उक्त रकम असुल उपर गरिनेछ ।

**<u>सम्झौता गर्ने पदाधिकारीहरु</u>**

| शिक्षा विकास निर्देशनालयको तर्फबाट | क्याम्पसको तर्फबाट |
|---|---|
| निर्देशक : | अध्यक्ष : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| शाखा प्रमुख : | क्याम्पस प्रमुख : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| इन्जिनियर: | क्याम्पसको नाम : |
| हस्ताक्षर : | क्याम्पसको छाप : |
| निर्देशनालयको छाप : | |

सम्झौता सम्पन्न भएको मिति :

क्याम्पस सञ्चालक समिति/क्याम्पस पूर्वाधार विकास उपसमितिका सदस्य बाहेकका अन्य पदाधिकारीहरुको नामावली ।

| क.सं | नाम र थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

नोट : यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको क्याम्पस सञ्चालक समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा क्याम्पस प्रमुख र क्याम्पस  संचालक समितिको अध्यक्षले दस्तखत गरी क्याम्पसको छाप समेत लगाउनुहुन अनुरोध छ ।